हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY




वर्ष : ०१ अंक : ९० पृष्ठ : ४ २०७७ असोज २७ गते मंगलबार (Tuesday 13 October 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## लहान नगरपालिकामा ‘छैन पशु बधशाला’

नगरपालिका मध्ये देशमैं ठूलो नगरपालिकाको रूपमा लहान नगरपालिकालाई मानिन्छ । यस नगरपालिकामा २४ वडा छन् ।

पुर्व पश्चिम राजमार्गमा अवस्थित लहान २०३२ सालमा नगरपालिकामा परिणत भएपछि फस्टाउदो लहान बजारलाई तत्कालीन सगरमाथा अञ्चलकैं व्यापारिक भूमि मानिन्थ्यो । त्यसो त लहान नगरपालिका पूर्वको इनरूवासँगै पुरानो नगरपालिकामा दरिन्छ ।

एकताका सिरहाको लहानबाट सगरमाथा अञ्चलका उदयपुर अन्तर्गत गाईघाट, घुर्मी लगायतका क्षेत्रमा यहीबाट व्यापारिक मालसामान ओसार पसार हुन्थे । त्यसैगरी लहान हुँदै सगरमाथाको द्वार उदयपुरको कटारी, घुर्मी हुदै खोटाङ्, ओखलढुंगा, सोलुखुम्वु जिल्लामा समेत मालसामान आपुर्ति हुने भएकाले लहान तत्कालीन सगरमाथाको व्यापारिक केन्द्र भएको मानिन्थ्यो ।

शिक्षातर्फ प्राविधीक शिक्षालय, नर्सिङ्ग शिक्षा लगायत स्वास्थ्य क्षेत्रमा निजी लगानीमा नर्सिङ्ग होमहरू समेत लहानमा पर्याप्त खुलेका छन् । शिक्षालयमा अहिले पनि सुगमदेखि सुदुर पश्चिमका गाउँका विद्यार्थीको शिक्षाका लागि गन्तव्य मानिन्छ । उदयपुरलगायत पहाडी जिल्लाको स्वास्थ्य केन्द्रको लागि उपचारको लागि लहान आउँथे । त्यसो त लहानमा बैंकिंग, होटल क्षेत्र बढ्दो थियो । कोरोना कहरले अहिले ती क्षेत्र थला परेका छन् । तर, लहान नगरको भित्री पाटो भने फरक छ । यसले सोचेजस्तो विकास, पूर्वाधारमा फड्को मार्न सकेको छैन । नगर क्षेत्रको बासिन्दाका न्यूनतम स्वस्थ्य मासु खानबाट समेत वञ्चित छन् । कारण, पशु बधशाला नहुनु ।

नगरपालिकाले पशु बधशाला निर्माणमा ध्यान नदिएकैं कारण लहानमा दिनहुँ सयौंको सँख्यामा जथाभावी पसलपिच्छैं काटिने खसीबोका तथा कुखुराको मासुमा गरिने मिसावट नियन्त्रण हुन सकेको छैन भने उपभोक्ता अस्वस्थ्यकर मासु खान बाध्य छन् ।

बधशाला नहुँदा लहानमा मासु व्यापारीहरूले खसीको मासुमा बाख्राको मासु मिसाउने, खसीको मासुमा अत्यधिक पानी हाली वास्तविकभन्दा अत्यधिक तौल कायम गरी उपभोक्ता ठग्ने, स्वस्थ्य खसी र कुखुराको मासु भन्दै रोगी खसी र कुखुराको मासु बिक्री वितरण गर्ने गरेको पाइएको छ ।

लहानमा विभिन्न चोकहरूमा रहेका होटल सञ्चालकहरू तथा सर्वसाधारणले खरीद गर्ने मासु अस्वस्थकर तथा मिसावटयुक्त भए पनि सम्बन्धित निकायहरूले त्यसबारे निगरानी गरेका छैनन् । चोकमा यत्रतत्र काटिने पशु तथा पंक्षीहरूको मासुमा झिङ्गा भन्किरहने तथा उपभोक्ता संरक्षण ऐन प्रतिकूल क्रियाकलाप देखिए पनि सोको नियन्त्रण भने अहिलेसम्म हुन सकेको छैन ।

लहानमा खसी तथा कुखुराको मासुको बढ्दो खपतलाई दृष्टिगत गर्दै झण्डै आठ वर्षअघि लहान नगरपालिकाले तत्कालीन जिल्ला पशु विकास कार्यालयसँग समन्वय गरेर नगर क्षेत्रभित्र बधशाला निर्माण गर्ने योजना बनाएको थियो । तर केही पूर्वाधार निर्माण गरिएपनि पशु वधशालाका लागि प्रयोग गरिएको छैन ।

‘स्वस्थ्य मासु खान पाउनु त परको कुरा, खसीको मासु किनेर ल्यायो बाख्रीको मासु मिसिएको हुन्छ, खाँदा स्वाद समेत हुँदैन, महंगोमा मासु किन्यो स्वाद फरक’, स्थानीय उपभोक्ता बिरेचन चौधरी भन्छन्, ‘हामीजस्ता उपभोक्ता अस्वस्थकर मासु खान बाध्य छौं, सम्बन्धीत निकाय पनि मौन बस्ने गरेको छ, जसका कारण व्यवसायीको मनोबल बढेको छ, यसलाई रोक्न पहल गर्नुपर्छ ।’

उपभोक्ताका अनुसार नगरपालिकाले बधशाला निर्माण गरेको भए नगरक्षेत्रभित्र जथाभावी रूपमा खसीबोका र कुखुरा काट्ने कार्यप्रति रोक

बाँकी ३ पेजमा

## बैरिया गुदीगाउँमा विद्यालय व्यवस्थापन समिति गठन

**लहान** । जनता आधारभूत बैरिया गुदीगाउँको विद्यालयमा नथुनी पासवानको अध्यक्षतामा नौ सदस्यीय विद्यालय व्यवस्थापन समिति सर्वसमितमा गठन भएको छ ।

कक्षा १ देखि ८ सम्म पढाई हुने विद्यालयमा २ सय ५० छात्रछात्रा अध्ययनरत छन् । तीमध्ये ९५ प्रतिशत बालबालिका दलित समुदायका अध्ययनरत छन् । सर्वसमितिमा गठित विद्यालयको व्यवस्थापन समितिमा समेत दलित समुदायका अभिभावक चयन भएका छन् ।

नवगठित समितिको सदस्यहरूमा दिनेश पासवान,

बाँकी ३ पेजमा

## कर्मचारी आवश्यकता

श्री सृजना सामुदायिक पुस्तकालय लहान न.पा.-११ पडरिया थारुटोल सिरहाले संचालन गर्न लागेको “व्यवहारिक सामुदायिक समस्या समाधान परियोजनाको” लागि तपसिल बमोजिमको कर्मचारीहरुको आवश्यकता परेको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

### तपसिल

| सि.नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | सामाजिक परिचालक/परिचालिका | १ | प्रविणता प्रमाणपत्र तह उत्तीर्ण |
| २. | फोकल पर्सन | २ | प्रविणता प्रमाणपत्र तह उत्तीर्ण |

१. **पेश गर्नुपर्ने कागजातहरु** :- (क) नेपाली नागरिकताको प्रतिलिपि
(ख) बायोडाटा
(ग) शैक्षिक योग्यताको प्रतिलिपि
(घ) अनुभवको प्रमाणको प्रतिलिपि

२. **कागजात बुझाउने स्थान** :- श्री सृजना सामुदायिक पुस्तकालय पडरिया थारुटोल लहान न.पा.-११
समय : १०:०० बजे देखि ५:०० बजे सम्म ।

३. **परीक्षा दस्तुर** : सामाजिक परिचालिका पदको लागि रु. २५०।- र फोकल पर्सनको लागि रु. १५०।-

४. **परीक्षाको किसिम** : अन्तर्वार्ता तथा प्रयोगात्मक

५. **काम गर्नुपर्ने स्थान** : लहान न.पा.को वडा नं. ११, १२, १३ र १४

**नोट** : कम्प्यूटर तथा इन्टरनेट सेवा अनिवार्य रुपमा चलाउने सक्ने स्थानीय महिला तथा दलित वर्गलाई विशेष ग्राहयता दिइनेछ ।

**सम्पर्क नं.** ९८५२८३०६०७, ९८१५७५१३४४, ९८०७७४०९३३

सम्पर्क मिति : २०७७ कार्तिक ३ गते ।

## नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकार स्वामित्व)

वितरण तथा ग्राहक सेवा निर्देशनालय

प्रदेश नं. २ प्रादेशिक कार्यालय, जनकपुर

लहान वितरण केन्द्र, लहान

### सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा मिति २०७७ असोज २६ गते २८ गते सम्म जहदी फिडर अन्तर्गत विभिन्न ठाउँहरुमा वुस-कटिङ्ग कार्य हुने भएकोले विहान ९:०० देखि ५:०० वजे सम्म वितरण लाईन पूर्ण अथवा आंशिक रुपमा वन्द रहने व्यहोरा सम्पूर्ण विद्युत उपभोक्ताहरुमा जानकारीको लागि अनुरोध गरिन्छ । यसबाट ग्राहक वर्गहरुमा हुन जाने असुविधा प्रति लहान वितरण केन्द्र क्षमाप्रार्थी छ ।

नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्र
लहान, सिरहा







## फ्रेन्डस मोडल हसिपटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**

बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## परम्परागत चिकित्सा पद्धतीको महत्व बुझौं

**नेपालमा अझै पनि परम्परागत चिकित्सा पद्धतीको महत्व घटेको छैन । सर्वसाधारणमा आयुर्वेद तथा एकीकृत चिकित्सा पद्धतिमा अझै पूर्ण विश्वास छ । यस्ता उपचार पद्धतीमा आकर्षण झन् बढ्दै गएको छ । उपचार समय लामो हुने भए पनि दीर्घकालीन रोगको समाधान हुने विश्वासमा अहिले मानिस लालायित छन् । सामान्य चिकित्सा उपचार पद्धती अपनाएका कतिपय बिरामीसमेत आयुर्वेद एवं एकीकृत चिकित्सामा भरोसा गर्छन् । एकीकृत चिकित्सा पद्धतीमा आयुर्वेद, प्राकृतिक चिकित्सा, अक्यूपञ्चर (सियोले घोप्ने), आम्ची (तिब्बती उपचार पद्धति) र होमियोपेथिक पर्छ ।**

**परम्परागत चिकित्सा पद्धतीमा विश्वास बढ्नुको एउटा मुख्य आधार भनेको आधुनिक औषधि जडीबुटीबाट नै बनाइन्छ भन्ने नै हो । प्रशोधन नगरिएकै जडीबुटीले पनि उपचार गर्न सकिन्छ । हिमालदेखि तराईसम्म नै आयुर्वेद एवं एकीकृत चिकित्सा सेवा छ । यसको आफ्नै महत्व हुन्छ । परम्परागत चिकित्सा पद्धतीसँग अर्को जोडिएको महत्वपूर्ण पाटो भनेको धामीझाँक्रीबाट हुने उपचार सेवा पनि हो । अध्ययनमा धामीझाँकीबाट हुने उपचार सेवाको पनि आफ्नै महत्व रहेको पाइएको छ । अझै पनि ग्रामीण क्षेत्रमा धामीझाँक्रीबाट हुने उपचार सेवामा आकर्षण कम छैन । हरेक समुदायमा फरक फरक धामीझाँक्रीको संस्कृति देखिएको छ । प्रतिवेदन र अनुसन्धान भन्छ, 'हरेक गाउँघरमा यसको पनि महत्वपूर्ण भूमिका छ भन्ने देखिन्छ ।'**

**विज्ञानलाई नै चुनौति दिनेगरी सिरहाको लहान नगरपालिका–१० स्थित गुदीगाउँका ६0 वर्षीय राजेन्द्र पासवानले पिठ्यू (ढाड) मा काँस(झर्का) थाल टाँसेर परम्परागत उपचार गर्दै आएका छन् । पासवानले आफूबाट उपचार सम्भव नहुँने बिरामीलाई अस्पताल पठाउँन सुझाउँछन भने अर्कोतिर्फ उनले जडिबुटीबाट बनाएर दिएको औषधि प्रयोग पनि गर्छन । बहुला कुकुरले टोकेका व्यक्तिलाई प्राविधिक शिक्षालयका रिटायर्ड कर्मचारी उनले २४ वर्षदेखि पिठ्यूमा झर्का थाल टाँसी कुकुरले टोकेको उपचार गर्दै आएका छन् ।**

**रेबिज लागेमा वैज्ञानिक चिकित्सकीय उपचारले समेत निको पार्न सम्भव नहुँने बिरामीलाई सफल उपचार गर्न भ्याएका छन्, 'राजेन्द्र' ले । झर्का (काँस) का थाल टास्नसँगै उनले सखर (उखुबाट बनाइएको गुलिलो) बस्तुमा जंगलबाट ल्याएको जडिबुटी मिसाएर बिरामीलाई खाली पेटमा खान दिएपछि उनी उपचार विधी सुरु गर्नुले पनि । परम्परागत चिकित्सा पद्धतीका आधार जडिबुटीसँगै ओषधीमूलोको रुपमा प्रयोग गरिएको जडिबुटीलाई फुकेर दिनुले धामीझँक्रीबाट हुने उपचार सेवा भन्न पनि सकिन्छ ।**

**तर चिकित्सकहरु परम्परागत रुपमा गाउँघरमा थाल टाँसेर उपचार गर्दै आएको सुनेपनि यसमा वैज्ञानिक आधार नभएको बताउँछन् । 'यसमा वैज्ञानिक आधार छैन, विश्वासको आधारमा उपचार गर्नु बेग्लै हो' चिकित्सक भन्छन् 'नत्र भने रेबिज पुरै फैलिसकेपछि निको पार्न चिकित्सा विज्ञान समेत असफल हुन्छ, कारण रेबिज भ्याक्सिन बाहेक निको पार्न यसको अन्य चिकित्सकीय औषधी नै छैन ।' विश्वास नहुने बिरामीलाई उपचारको लागि अस्पताल जान समेत उनी सुझाउँछन् । यसले गर्दापनि बढ्दो परम्परागत उपचार विधिको जगेर्ना गर्दै वैज्ञानिक चिकित्सा पद्धतीको व्यापकताबारे ध्यान दिन जरुरी छ ।**

# शिक्षा क्षेत्र र सरकारी अन्यौलता

## पालिका बहस

धरणीधर अधिकारी



कोभिड-१९ को संक्रमणका कारण नेपालमा २०७६ चैत्र ६ गतेबाट झण्डै सात महिना देखि शिक्षा क्षेत्रमा अत्यन्तै अन्यौलता देखिएको छ । संघीय सरकारको शिक्षा मन्त्रालयले पटक–पटक आफ्नो बोली र व्यवहार परिवर्तन गरिरहेको छ । जसका कारण विद्यालय देखि विश्वविद्यालय सम्मका झण्डै नब्बे लाख विद्यार्थीहरूको नियमित पठन पाठन ठप्प छ । सरकारले यस अवधिमा हुनुपर्ने विद्यालय तथा विश्वविद्यालयका परीक्षा समेत गर्न सकिरहेको छैन । खैर त्यसमा राजनैतिक भाग बण्डाको कारण पदाधिकारी नियुक्ति गर्न नसक्नुको सरकारी लाज पनि कोरोनाले ढाक्न सफल भएको छ । चैत्रमा एसईई परीक्षा स्थगित गर्दा सम्म दुई जनामा देखिएको कोरोनो संक्रमण आजका दिन सम्ममा १ लाख १० हजार नाघेको छ । झण्डै तीन महिनाको लगातारको लकडाउन पछि असार १ गतेबाट सरकारले लकडाउन अलि खुकुलो पार्दै अर्थतन्त्रका सबै जसो क्षेत्रलाई क्रमशः सुचारू गर्न निर्देशन दिएको थियो । तर जनसंख्याको ठूलो क्षेत्रलाई प्रत्यक्ष प्रभाव पारिरहेको शिक्षा, होटल, पर्यटन र सार्वजनिक यातायात सरकारको नियन्त्रणमा रहेको तर सार्वजनिक यातायात र होटल ब्यवसाय क्रमशः सुचारू हुंदै गरेको भए पनि शिक्षा क्षेत्र भने अझै सरकारी नियोजन मै छ ।

यसैबीच सरकारले २०७७।०२।१८ गते शिक्षा मन्त्रालयबाट जारी 'वैकल्पिक प्रणालीबाट विद्यार्थी सिकाइ निर्देशिका–२०७७' राम्ररी संचालन नै नभइकन तुहिएको छ । त्यसैगरी २०७७ भदौं १९ गते मन्त्रीपरिषदबाट पारित 'विद्यार्थी सिकाइ सहजीकरण–२०७७' को पनि प्रभावकारी कार्यान्वयनमा प्रश्न चिन्ह उठेको छ । आश्विन १ गतेबाट लागू हुने गरि जारी गरिएको निर्देशिकाको धारा ११ को शिक्षण विधि अन्तर्गत उपधारा (१) मा शैक्षिक सत्रको समयावधि तथा महामारी लगायतका विषम परिस्थितिको अवस्था हेरी विद्यालयले आवश्यकतानुसार दूर शिक्षा वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट सिकाइ सहजीकरण गर्दा विभिन्न शिक्षण विधि अवलम्बन गर्न सक्ने छ । (२) सिकाइ सहजीकरणकालागि शिक्षक, अभिभावक, परिवारका सदस्य, छिमेकी, माथिल्लो कक्षाका विद्यार्थी, सहपाठी र स्वयं सेवकलाई परिचालन गर्न सकिनेछ । (३) उपदफा १ र २ बमोजिम गरिएको सिकाइ सहजीकरणलाई सिकाइको कार्य घण्टामा गणना गरिनेछ ।

त्यसैगरी सोही निर्देशिकाको धारा ३३ को सिकाइ सहजीकरण प्रणाली कार्यान्वयन सम्बन्धि विशेष ब्यवस्था भनेर, (१) कोभिड–१९ रोग वा यस्तै प्रकृतिका विपदबाट श्रृजना हुने विषम परिस्थितिमा सिकाइ प्रणालीलाई निरन्तरता दिने प्रयोजनकालागि दूर तथा खुल्ला शिक्षा लगायतका पद्गतिलाई सिकाइ सहजीकरणको प्रणालीको रूपमा लागू गर्न सकिने छ । (२) यस निर्देशिकामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि कुनै क्षेत्र विशेषमा प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न बाधा पर्ने छैन ।

यो निर्देशिकाले प्रष्ट रूपमा कक्षाका विद्यार्थीहरूलाई स–साना समूहमा बोलाइ विद्यालयले बिभिन्न अनुकुल समयमा गरिएको पठन पाठनलाई मान्यता दिएको देखिन्छ । यसको मतलव कोभिड–१९ अर्थात् २०७६ चैत्र ६ गते पूर्वको अवस्थामा जस्तो साबिकको पठन पाठन गर्नु भन्ने अर्थमा यस निर्देशिकालाई बुझियो भने त्यो उल्टो बुझाइ हुनेछ। यसका साथै प्रविधिमा पहुंच भएका विद्यार्थीहरूलाई अनलाइन वा अन्य विधि समेत अवलम्बन गर्न समेत बाटो खोलिदिएको छ ।

निर्देशिका नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्माण भइ नेपाल सरकार मन्त्री परिषदको २०७७ भाद्र १९ बैठकबाट अनुमोदन र प्रमाणिकरण भएको हो । तर स्वयं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीले कुनै कोठे कार्यक्रममा आफ्नो मन्तव्यका क्रममा स्थानीय प्रशासनलाई विद्यालय तुरुन्त बन्द गर्नु भन्ने मौखिक आदेश दिनु के निर्देशिकाको बर्खिलाप भएन र ? अनि आफैंले झण्डै छ महिना सम्म एउटा कमजोर विद्यार्थीले झैं गृहकार्य गरेर ल्याएको भनिएको निर्देशिकालाई आफ्नै क्रियाकलापबाट लत्याउनु कहाँ सम्मको नैतिकता हो ? सोचनीय छ ।

स्थानीय प्रशासनले निर्देशिका बमोजिम सबै स्थानीय तहहरूलाई सिकाइ सहजीकरण अनुसार पठन पाठन गर्नु गराउन भनि गरेको समन्वयात्मक भूमिका सह्रानीय छ । सो समन्वयात्मक कार्यबाट निर्देशिकाको भावना बमोजिम स्थानीय तहले आफ्नो पालिका क्षेत्र भित्रका विद्यालयहरूलाई समन्वय गरि सिकाइ सहजीकरण निर्देशिका –२०७७ र स्थानीय सरकार संचालन ऐन–२०७४ को प्रावधान अनुसार पठन पाठन गर्नु गराउनु हुन भनि दिएको निर्देशन बमोजिम स्थानीय विद्यालयहरूले स्वास्थ्यका मापदण्डहरु विशेषगरि (१) अटोमेटिक सेनिटाइजरको व्यवस्था, (२) अनिवार्य रुपमा साबुन पानीले हात धुने व्यवस्था, (३) शिक्षक, कर्मचारी एवं विद्यार्थीहरूलाई अनिवार्य मास्क लगाउने व्यवस्था, (४) बसमा एउटा सिटमा एक जना मात्र विद्यार्थी ओसार पसार गर्ने व्यवस्था, (५) भौतिक दूरी कायम गर्नकालागि कक्षा कोठामा एक बेन्चमा एकजना वा बढिमा दुई जना मात्र विद्यार्थी राखेर पठन पाठनको व्यवस्था, (६) कक्षा १ देखि माथिका कक्षा मात्र संचालन, (७) दिनमा २–३ सिफ्ट सम्म विद्यालय सञ्चालन, (८) दिनमा ३–४ घण्टा मात्र विद्यालय सञ्चालन गर्नु भनि दिएको समन्वय र निर्देशन अत्यन्तै स्वागत योग्य छ । त्यसै वमोजिम अधिकांश सार्वजनिक तथा संस्थागत विद्यालयहरूले सोही निर्देशिका वमोजिम २०७७ असोज ७ गतेबाट विद्यालय सञ्चालन गरे । यदि कोहि कसैले निर्देशिका र मापदण्ड बमोजिम संचालन नगरेको पाइए सचेत गराइ मापदण्डमा ल्याउने साथै अटेर गरे तत् तत् विद्यालयलाई कारबाही वा बन्द गराउनुको साटो सबै विद्यालयहरूलाई एउटै घानीमा राखेर पिस्न खोजियो त्यो खेद् जन्य छ । देशभरमा सिकाइ सहजीकरणको कार्यान्वयन गराउन नसक्नु स्पष्ट रुपमा संघीय सरकारको चरम लाचारीपन हो । विद्यालय तहको शिक्षा पालिकाको क्षेत्राधिकारमा भएको, साथै कोभिड–१९ को परीक्षण, क्वारेन्टाइन र आसोलेसनको व्यवस्थापन समेत पालिका कै जिम्मामा रहेको अवस्थामा पालिका विशेषले आफ्नो अधिकारको प्रयोग गरी विद्यालय र कलेज सञ्चालन गर्न निर्देशन दिनु भनेको पनि त लोकतन्त्रको जरालाई मजबुत बनाउन खोज्नु र जन उत्तरदायी बन्न खोजेको हो नि ! हैन र ? त्यसबाट संघीय सरकारको कामको बोझलाई स्थानीय सरकारले बहन गर्न खोज्दा के कमजोरी भयो र ? संघीय सरकार र शिक्षा मन्त्रालय एवं शिक्षा मन्त्री स्वयंले गरेको यस्तो कार्यले गर्दा देशका उज्वल भविष्य बालबालिकाहरूको शिक्षा प्राप्त गर्न पाउने अधिकार खोसिएको छ । यसबाट सत्ता सञ्चालकहरू नागरिकलाई शिक्षाको अधिकारबाट वञ्चित गर्न चाहन्छन् र अझै पनि सत्ताधारीहरू राणाकालीन अवस्थामा रहेको र जनतालाई शिक्षाबाट वञ्चित गरी नागरिकलाई गुमराहमा राख्न चाहन्छन् भन्ने प्रष्ट छ ।

जहाँसम्म कोभिड–१९ (कोरोना भाइरस) को संक्रमणको कुरा छ । जुन सार्वजनिक यातायातको अव्यवस्थापनमा, मालपोत र नापी कार्यालयको अव्यवस्थित भीडमा पनि त होला ? जिल्ला प्रशासन र इलाका प्रशासनका सेवाग्राहीको भिडमा पनि त होला ? साप्ताहिक हाट बजारको हजारौंको जमघटमा पनि त होला ? किराना पसल र तरकारी बजारमा पनि त

*बाँकी ४ पेजमा*

## आजको राशिफल

**मेष** :- अभिभावकको सुझावले उचाइमा पुर्याउन सहयोग गर्नेछ । क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । प्रेमीको सहयोग पाईनेछ ।

**वृष** :- दाम, इनाम र प्रतिष्ठा कमाउने बेलाछ । व्यापार व्यवसायमा फाईदा होला । अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाहान सुख मिल्नेछ ।

**मिथुन** :- परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुन सकिनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ । विद्यामा सफलता पाइएला । नयाँ कामको थालनी हुनेछ ।

**कर्कट** :- आज स्वास्थ्य तथा शिक्षामा सुधार आउनेछ । सामाजिक क्षेत्रबाटपनि सफलता मिल्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला ।

**सिंह** :- मंगल कार्यको योग छ । धैर्य गरी मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । लाभदायक यात्रा होला । प्रिय व्यक्तिसंग भेट घाट होला ।

**कन्या** :- आज नगद सापटी लिएका आफन्तहरूले वचन पूरा नगर्दा आर्थिक झन्झट आइलाग्न सक्छ । स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्नेछ ।

**तुला** :- आज लाभ, हानी, आय, व्यय, सुख, दुख वरावरी मध्यम खालको दिन छ । शुभ–अशुभ दुवै समाचार सुनिएला । मित्र संग मीठो भेट घाट रहनेछ ।

**वृश्चिक** :- शुभ कार्यको योग छ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**धनु** :- सामाजिक कार्यमा मन जाला । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**मकर** :- आज बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ । आर्थिक कारोवारमा मन्दी आउनेछ । कार्य सम्पादनमा समस्या आउला ।

**कुम्भ** :- आज दाम्पत्य जीवन सुखमय हुनेछ । धार्मिक यात्राको योगछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेलाछ । शत्रुपनि पराजित हुन सक्छन् ।

**मिन** :- आज दाम्पत्य जीवन सुखमय हुनेछ । धार्मिक यात्राको योगछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेलाछ । शत्रुपनि पराजित हुन सक्छन् ।

# नेहाको आँखा उपचारमा सहयोग पुऱ्याउने दलित अभियन्ता महरा सम्मानित

**लहान** । लामो समयदेखि दलित अधिकारका रूपमा सक्रिय सिरहा कल्याणपुर नगरपालिका(१ का दलित अभियन्ता संजय महरा सम्मानित भएका छन् । मिर्चैया नगरपालिका(३ मा जनकल्याण मुसहर एकता सेवा समाज नेपालद्वारा महरा सम्मानित भएका हुन् ।

दलित अधिकारकर्मी महरालाई नेहा सदाकी बुबाले खादा लगाई सम्मान गरे । नेहा सदाले अबिरको टिका लगाइ दिइन । दलित अधिकारकर्मी महरा विगत एक दशकदेखी मधेसी दलित आन्दोलन, हक अधिकार तथा समाजिक न्यायका क्षेत्रमा कृयाशिल छन् ।

महराले सिरहा जिल्लाको मिर्चैया नगरपालिका-३ बकथल्वाका ११ वर्षीया नेहा सदाको आँखाको उपचारमा सहयोगमा अग्रणि भुमीका निर्वाह गरेका थिए । नेहा सदाको काठमाण्डौको तिलगंगा अस्पतालमा आँखाको अपरेशनमा आर्थीक सहायोग संकलनमा समाजिक सञ्जाल मार्फत सहयोग जुटाएका थिए महराले । महरा लगायतका सहयोगी हातहरूको सहयोगले नेहा सदाको उपचारको लागि १ लाख ६३ हजार रकम संकलन भएको थियो । नेहा सदा र उनको बुबा भोला सदा सफल उपचार पश्चात आˆनो घर फर्किसकेका छन् ।

महराले मधेसमा अति नै पछाडि पारिएका दलित समुदायको जनचेतना स्तर उठाउनका लागि सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । अधिकारकर्मी महराले मधेसमा भईरहेको जातिय छुवाछुत, हत्या, हिंसा, बलात्कार तथा जातिय विभेदविरूद्ध आवाज उठाउदै आईरहेका छन् । उनले समाजमा भईरहेको विभेद तथा असमानता अन्त्यकालागि दलित समुदायलाई संगठित गर्दै न्यायका लागि आन्दोलन समेत गर्दै आएका हुन् ।

मधेसमा दलितहरूको बलात्कार तथा हत्याका अपराधिलाई कारबाहीका निम्ती संघर्ष समेत गर्दै आन्दोलनको सिरहा लगायत प्रदेश नम्बर २



मा अगुवाई गर्छन । महरा दलित जागरण केन्द्र नेपालका सचिव छन् । संस्थामार्फत दलितहरूलाई जनचेतना तथा हक अधिकारका लागि उनले विभिन्न कार्य गर्दै आएका छन् ।

जनकल्याण मुसहर एकता सेवा समाज नेपालद्वारा स्वागत तथा सम्मान समारोह कार्यक्रमको अध्यक्षता शिव सदाले गरेका थिए । सम्मान समाहरोह कार्यक्रममा लामो समय देखी मुसहर समुदायको सर्वाङगिण विकासका लागि कृयाशिल तथा भोर संस्थाका अध्यक्ष पाँचुलाल माझीको विशिष्ट आतिथ्य रहेको थियो । अध्यक्ष पाँचु माझीले नेहा सदाको उपचारको लागि सहयोगी हातहरूलाई धन्यवाद प्रकट गरेका थिए । पाँचुमाझीले मन्तव्यमा मुसहर समुदायको समस्यालाई मात्र होइन हामीले सम्पूर्ण दलितको समस्याका लागि काम गरिरहने समते बताए ।

ऋषिकुल समाजका सचिव धनिर सदाले समेत सहयोगी हातहरूलाई धन्यवाद प्रकट गरे । कार्यक्रममा जनकल्याण मुसहर एकता सेवा समाज नेपालका अध्यक्ष राजेन्द्र सदाले मन्तव्य व्यक्त गरेका थिए ।

# सीमा नाका थप एक महिना नखोल्ने सरकारको निर्णय



**काठमाडौं** । कोरोना संक्रमण झन बढ्दै गएपछि अन्तर्राष्ट्रिय सीमा नाका अझै एक महिना नखोल्ने सरकारले निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद बैठकले कोरोना महामारी बढ्न नदिन थप एक महिना सीमा नाका नखोल्ने निर्णय गरेको हो । यसअघि नेपालसँग सीमा जोडिएका अन्तर्राष्ट्रिय सीमा नाका असोज मसान्तसम्म बन्द गर्ने निर्णय गरेको थियो ।

सिमा नाका बन्द राख्ने निर्णय सरकारले गरेपनि कार्यान्वयन भएको छैन । नाकाबाट सवारी साधन आवतजावत गर्न नदिएपछि पैदल यात्रुलाई सुरक्षाकर्मीले रोक लगाउन सकेका छैन ।

जोगबनी गएर किनमेल गरे १४ दिन अनिवार्य क्वारेन्टिन बस्नुपर्ने

विराटनगरमा नेपाल–भारत सीमाको ढाट खुलेको छैन । मालबाहक गाडी र प्रक्रिया पुऱ्याएर आउने-जाने नागरिकबाहेकलाई आउजाउमा पूर्णतः बन्देज लगाइएको छ । तर, दसैंको बहाना बनाएर सुरक्षाकर्मीको आँखा छल्दै खुला सिमाना र छोटी नाकाबाट सुटुक्क भारतको जोगबनी गइ किनमेल गर्ने क्रम भने बढेको पाइएको छ । यसले कोरोनाको हटस्पट बनेको बिहार क्षेत्रबाट प्रदेश १ को राजधानी विराटनगर र ग्रामीण भेगमा समेत संक्रमण अझ फैलने जोखिम बढेको छ ।

मुख्य नाकामा ढाट लगाए पनि चोरबाटोबाट मानिसहरू जोगवनी गइ किनमेल गर्न थालेपछि स्थानीय प्रशासनले जुक्ति लगाएको छ, 'पारिबाट आउनेलाई नाकामै नियन्त्रणमा लिने र १४ दिने क्वारेन्टिनमा पठाइ दिने, पीसीआर परीक्षण गरेर मात्र घर जान दिने' । भारततर्फ जाने नागरिकले प्रशासनको इजाजत लिनुपर्छ । तर, पछिल्लो केही समय यता सुरक्षाकर्मीको समेत आँखा छलेर भारत जानेहरूलाई निगरानी गर्ने, सीमामै रोक्ने र अटेर गरी भारत पुग्नेलाई पक्राउ गरी क्वारेन्टिनमा पठाउने क्रम सुरू भएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङले दुई दिनयता मात्र भारत गइ चोर–बाटोबाट नेपाल फर्किंदै गरेका ८४ जनालाई नियन्त्रणमा लिएको छ । उनीहरूमध्ये ४५ जनालाई परिवारसँगको समझदारीमा होम क्वारेन्टिनमा पठाइएको छ । बाँकीलाई सीमा क्षेत्रमै विराटनगर महानगरपालिकाले सञ्चालन गरेको होल्डिङ सेन्टरमा ल्याइ पुनः सम्बन्धित स्थानीय तहको जिम्मा लगाइएको छ ।

कतिपय व्यापारीले जोगबनीबाट सामान ल्याएर गाउँगाउँसम्म बिक्रीका लागि लग्ने कामसमेत गरिरहेको सूचनाको आधारमा प्रहरीले निगरानी र नियन्त्रण लिने क्रमलाई बढाएको मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्काले जानकारी दिएका छन् ।

प्रदेश १ को जोगबनी, भन्टावरी, काँकडभिट्टा र पशुपतिनगर नाकाबाट सरकारी अनुमतिमा नेपाल–भारत

बाँकी ४ पेजमा

## लहान...

लाग्न सक्थ्यो । तर नगरपालिकाले यसतर्फ ध्यान नदिएका कारण सर्वसाधारणको स्वास्थ्यमा निकै असर पर्ने गरेको छ । सम्बन्धित निकायको लाचारीले हामी उपभोक्ता, गृहिणी मारमा परेका छौं । तौल समेत घटाएर बिक्री गर्दापनि सम्बन्धित निकायले वास्ता गर्दैन । यसलाई रोक्न र पशु बधशाला निर्माणका लागि अब खबरदारी गर्ने हो की ?

## बैरिया...

फूलोदेवी सदाय, रूको पासवान, बुधे पासवान, मनोनित सदस्यमा विन्देश्वर पासवान चयन भएका छन् । त्यसैगरी शिक्षक सदस्यमा धनराज राम, पदेन सदस्यमा लहान नगरपालिका(१० का वडाध्यक्ष मन्टी कुमार मण्डल र सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक बद्री नारायण चौधरी छन् ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

# लहान अस्पतालमा १२ घण्टा सेवा बन्द

लहान । सिरहाको लहाननगरपालिका–३ स्थित रामकुमार उमाप्रसाद मुरारका स्मारक अस्पतालको सेवा बन्द गरिएको छ । अस्पताल प्रशासनले स्वास्थ्यकर्मीमा कोरोना संक्रमण देखिएको भन्दै १२ घण्टा सम्मका लागि सेवा बन्द गरिएको जनाएको छ ।

उता अस्पताल संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष रोहित महतोले बाराको कलैया अस्पतालबाट सरुवा भएर असोज २३ मा हाजिर हुन आएका १० औं तहका वरिष्ट फरेन्सिक मेडिकल अधिकृत डा. बीरेन्द्रकुमार मण्डललाई हाजिर हुन नदिन लहानका मेडिकल सुपरिटेण्डेण्ट डा. सुनिल कुशवाहाले अस्पतालमा कार्यरत एक जना कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएको भन्दै आफूखुशी आकस्मिक सेवा बन्द गरी प्रशासन प्रवेश गर्ने मूल ढोकामा समेत ताला लगाएको आरोप लगाएका छन् ।

अध्यक्ष महतोका अनुसार 'मूल ढोकामै ताला लगाइकोले मेरो कार्यकक्षसहित, प्रशासन, लेखा, स्टोरकिपर लगायतको कोठा बन्द छ 'व्यवस्थापन समितिसँग कुनै समन्वय नै नगरी डा. कुशवाहाले ताला लगाएर आकस्मिक सेवा बन्द गर्दा बिरामीलाई मर्का पर्नुका साथै दैनिक प्रशासनिक काममा समेत बाधा पुगेको छ ।'

कलैया अस्पतालको च.नं. ३६९, २२ असोज २०७७ को पत्र अनुसार रमाना लिएर लहान आए लगतै अस्पताल पुगेर मेसुडा सुनिल कुशवाहालाई हाजिर गराउन आग्रह गरेपनि हाजिर गर्न नदिएको डा. मण्डलले गुनासो गरेका छन् । हाजिर हुन् आएको पहिलो दिन शुक्रबार परेकाले त्यतिकै फर्किए पनि आइतबार पुनः अस्पताल पुग्दा डाक्टर कुशवाहा अस्पतालमा नभएको र मिर्चैया गएको भनि प्रशासन बाट कुरा आएपछि उहासँग भेट हुन नसक्दा त्यतिकै फर्किनु परेको डा. मण्डलले बताए ।



मे.सु. कुशवाहाले प्रशासन प्रवेश गर्ने मूल ढोकामा ताला झुण्ड्याउनुका साथै हाजिरी रजिष्टर गायव गरी आकस्मिक सेवा नै बन्द गरेपछि २६ असोजमा समितिले बैठक गरी नयाँ रजिष्टर खडा गरी डाक्टर मण्डललाई हाजिरी गराएको छ । समितिले अस्पताल प्रमुख जस्तो व्यक्तिले सरुवा भई आएका कर्मचारीलाई हाजिर हुन अवरोध सिर्जना गर्दा दैनिक कामकाज समेत प्रभावित भएकाले मन्त्रालय तथा स्थानीय प्रशासनलाई कारबाहीको माग समेत गरेको छ । डा. कुशवाहाले लहान अस्पतालमा अन्य डाक्टर नआउँदा सात वर्षसम्म मे.सु. पदमा रही अस्पताल चलाएको समितिले जनाएको छ । यता लहानका मेडिकल सुपरिटेण्डेण्ट डा. सुनिल कुशवाहाले आफूमाथि लगाइएको आरोप गलत भएको सञ्चारकर्मीलाई बताएका छन । रमाना लिएर लहान आउनु भएका डाक्टर मण्डलको पत्रमा सामाजिक विकास मन्त्रालयले कति दिनका लागि, कुन प्रयोजनमा पठाएको भनि उल्लेख नभएको हुँदा कुन पदमा पठाइएको भनि बुझेर नियमानुसार प्रक्रिया मिल्ने भए हाजिर गराउन कुनै समस्या नभएको उनले बताए । दुई दिन अस्पतालको कार्य समीक्षामा व्यस्त भएको हुनाले कार्यलयमा उपस्थित नभएको र अस्पतालमा कार्यरत एक जना कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएको हुनाले कर्मचारीहरु संगको छलफल पश्चात अस्पतालमा कार्यरत कर्मचारीहरुको पीसीआर रिपोर्ट नआउन जेलसम्म १२ घण्टाका लागि अस्पतालको सेवा बन्द गर्नु परेको उनले बताए ।

## सिमा ...

आउजाउ गर्न पाइन्छ । अन्यत्रबाट आउजाउ गर्न रोक लगाइएको छ । विराटनगरको इस्लामपुर, दरैयाबस्ती, विराटनगर–१६ को दक्षिण गेट क्षेत्रबाट लुकीछिपी भारत जाने र किनमेल गरी फर्किनेलाई प्रहरीले कारबाहीस्वरूप पक्राउ गरी अनिवार्य क्वारेन्टिनमा पठाउन सुरु गरेको हो ।

मोरङको ६३ किलोमिटर क्षेत्रमा रानी नाकासहित ३६ नाका छन् । झापाबाट पानीटंकी नाका र सिलीगुडी जानसमेत कडाइ गरिएको छ ।

धेरै नेपाली कोरोना संक्रमणभन्दा अगाडि जोगबनी गएर किनमेल गर्न मन पराउने गरेकोमा अहिले भने नाका बन्द हुँदा सीमावर्ती जोगबनी बजारसमेत सुकेको छ । पारी जाने क्रम रोकिएसँगै विराटनगर बजारमा दसैं र चाडबाडको किनमेल गर्ने क्रम बढेको छ । बजारमा चहलपहलसमेत देखिन्छ । कोरोनाका कारण प्रदेश राजधानी विराटनगरमा मात्र ३ हजारभन्दा धेरै नागरिकमा संक्रमण पुष्टि भएको छ । २७ जनाको ज्यान गइसकेको छ ।

## शिक्षा ...

होला ? राजनैतिक पार्टीहरु एवं मन्त्रीहरूको कार्यक्रममा नागरिकहरूको भिडको अवस्था हेर्दा संक्रमणको ढोका विद्यालय र कलेज मात्रै हैन भन्ने प्रमाणित हुन्छ । ती स्थानहरूमा जहाँ कोही कसैलाई संक्रमण भएमा कन्टयाक्ट ट्रेसिंग सम्भव नै छैन । त्यता तिर आम जन मानिसको ध्यान खोई ? सरकारको निषेधाज्ञा वा लकडाउनको अवस्था पनि विगतका दिनमा के कस्तो रहेको थियो जग जाहेर नै छ । निषेधाज्ञा नै समस्याको समाधान भइदिएको भए कोरोना संक्रमणको ग्राफ पछिल्ला दिनमा दैनिक पाँच हजार सम्म किन नाघ्यो त ? सरकार एवं आम जनमानसलाई प्रश्न छ ।

निषेधाज्ञा वा लकडाउन नै समस्याको समाधान हो भने सरकारले नागरिकको लगानी र जोखिमको क्षतिपूर्तिको भरण पोषणको ब्यवस्थापन गर्नु पर्थ्यो । नागरिक माथि परेको बैंक वित्तीय संस्थाको ऋणको किस्ता एवं ब्याजलाई राज्यबाट अनुदान वा निम्नतम् ब्याजदरको सहुलियतको ब्यवस्था हुनुपर्थ्यो । कोभिड–१९ बाट अति प्रभावित अर्थतन्त्रका क्षेत्र, समुदाय र त्यसबाट बेरोजगार बन्न पुगेका नागरिक एवं संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरु एवं नागरिकलाई समेतलाई निम्नतम् सहुलियत, तलब वा भत्ता उपलब्ध गराउनु पर्‍यो । नत्र लकडाउन, लकडाउन अनि फेरि लकडाउन गरेर नागरिकलाई आततायी बनाउने हो भने सरकार के का लागि ? लोक कल्याणकारी राज्य खोई ? नागरिकले सरकारसंग के आशा र भरोशा गर्ने ? चेतना भया ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिड्डुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६११९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)